# नेपाली महावाणिज्यदूतावासको वेभसाइटमा **सूचना राख्न निवेदन दिनु हुन अनुरोध**

यस महावाणिज्यदूतावासले हङ्गकङ्ग स्थित नेपालीहरुको सामाजिक संघ/संस्था, नेपालीहरुले संचालन गरेका विद्यालयहरु, नेपालीहरुले स्थापना गरेका व्यवसाय प्रतिष्ठान, नेपाली पत्रिका, पर्यटन सम्बन्धी उद्योग/व्यवसाय, नेपाली रेष्टुरेण्ट आदिको विवरण तथा सूचना संकलन गरी Directory of Nepalese in Hong Kong वेभसाईट (Website) मा राख्ने क्रममा रहेको छ । तसर्थ उल्लिखित संघ संस्था वा व्यवसायहरुको संक्षिप्तजानकारी/विवरण वेभसाइटमा राख्न इच्छुक महानुभावहरुले देहाय वमोजिमको विवरण संलग्न गरी निवेदन दिनु हुन अनुरोध गरिन्छ :

विवरण

| |
|---|
| १) संस्था वा व्यवसायको नाम : |
| २) दर्ता नं.र मिति : |
| ३) उद्वेश्य, कार्यहरु (संस्था व्यवसायको प्रकृति हेरेर यसमा संक्षिप्त विवरण लेख्नु होला ) |
| ४) सम्पर्क ठेगाना (टेलिफोन, फ्याक्स, इमेल समेत लेख्न होला) : |

## निवेदन दिदा ध्यान दिनु पर्ने विषयहरु :

१) उपर्युक्त विवरण संक्षिप्त हुनु पर्ने छ । साथै अंग्रेजी र नेपाली दुवै भाषामा लेखी १ प्रति छापामा (hard copy) र सो को Diskette समेत महावाणिज्यदूतावासमा बुझाउनु पर्नेछ ।

२) प्राप्त विवरण थप घट गर्न आवश्यक देखिएमा सो थप घट गरी पुनः सम्बन्धित निवेदकले विवरण तयार गर्नु पर्ने छ ।

३) प्राप्त विवरण वेभसाइटमा राख्ने वा नराख्ने अधिकार महावाणिज्यदूतावाससंग रहने छ ।

४) एक पटक वेभसाइटमा राखिएको विवरण जुनसुकै वेला पनि हटाउन वा आवश्यकता अनुसार संशोधन गर्न सकिने छ ।

## निवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु

१) हङ्गकङ्गको कानून वमोजिम संस्था वा व्यवसाय दर्ता भएको सक्कल कागजात तथा त्यसको प्रतिलिपि

२) निवेदकको नागरिकताको प्रमाणपत्र, नेपाली राहदानी, हङ्गकङ्गको भिसा वा परिचय पत्रको सक्कल तथा सो को प्रतिलिपिहरु ।

३) संस्थाको विधान वा ब्यवसाय प्रस्तावना वा अन्य कागजातहरु

४) महावाणिज्यदूतावासले आवश्यक ठानेका अन्य कागजातहरु ।

उपर्युक्त विवरण लिई निवेदक आफै महावाणिज्यदूतावासमा उपस्थित हुन पर्ने छ । ( निवेदक भन्नाले सम्बन्धित संस्था वा व्यवसायका प्रमुखलाई जनाउने छ ) विवरण बुझाउनु आउनु अघि महावाणिज्यदूत संग समय तय गरेर मात्र आउनु हुन अनुरोध गरिन्छ ।